# खानेपानी, सरसफाइ तथा स्वच्छता योजना प्रतिवेदन

## दमेक गाविस

बाग्लुङ्ग जिल्ला




तयार गर्ने :
गाउँ विकास समितिको कार्यालय, दमेक
अद्यावधिक गरिएको मिति : २०७२/०८/१५

# गाउँ विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक प्रतिवेदन

# दमेक

२०७१

<u>विषय सूची</u> पृष्ठ नं.


| | | |
|---|---|---|
| | **यस भित्र प्रयोग गरिएका संक्षिप्त रुपहरु** | **३** |
| १. | परिचय | ४ |
| | १.१ पृष्ठभूमि | ४ |
| | १.२ उद्देश्य | ५ |
| | १.३ विधि | ५ |
| | १.४ सिमितता | ६ |
| २. | गाउं विकास समितिको संक्षिप्त जानकारी | ६ |
| | २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन | ६ |
| | २.२ जनसंख्या, घरधुरी र जातजाती | ७ |
| ३. | खानेपानीको अवस्था | ८ |
| | ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था | ८ |
| | ३.२ खानेपानीको विद्यमान अवस्था | ८ |
| ४. | स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था | ८ |
| ५. | गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना | ९ |
| ६. | पूर्ण सरसफाइ युक्त गाविस र वडाहरुको कार्य योजना | ९ |
| ७ | जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण | १० |
| | अनुसूचीहरु | ११ |
| | अनुसूची-१: प्रत्येक वडाको जनसंख्याको विवरण | ११ |
| | अनुसूची-२: घरधुरी तथा जातीय समदाय सम्बन्धी अध्यावधिक तथ्यांक | ११ |
| | अनुसूची-३: खानेपानीको विद्यमान अवस्था | १४ |
| | अनुसूची-४: खानेपानीको सुविधास्तर निर्धारण | १७ |
| | अनुसूची-५: आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका ९ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था | २० |
| | अनुसूची-६: गाविसका टोलहरुमा घरेलु चर्पीको हालको अवस्था | २० |
| | अनुसूची-७: विद्यालय तथा संस्थागत शौचालयको वर्तमान अवस्था | २३ |
| | अनुसूची-८: पूर्ण सरसफाइका सूचकहरुको अवस्था | २४ |
| | अनुसूची-९: गाविस स्तरिय तर्जुमा गरिएका खानेपानी योजनाहरुको विवरण र लागत | २७ |

## **यस भित्र प्रयोग गरिएका सक्षिप्त रुपहरुः**

| | |
|---|---|
| आर. भि. टि. | रिजर्भ्वायर टंकी |
| आ. व. | आर्थिक वर्ष |
| उ. मा. वि. | उच्च माध्यमिक विद्यालय |
| किमि | किलोमिटर |
| क्र.सं. | क्रमसंख्या |
| खा. पा. | खानेपानी |
| खा. पा. यो. | खानेपानी योजना |
| गाविस | गाउं विकास समिति |
| जि. आई. | ग्याल्भनाइज्ड आइरन |
| जि. वि. स. | जिल्ला विकास समिति |
| नि. मा. वि. | निम्न माध्यमिक विद्यालय |
| ने. रु. | नेपाली रुपैंया |
| नं. | नम्बर |
| प्रा. वि. | प्राथमिक विद्यालय |
| मा. वि. | माध्यमिक विद्यालय |
| वि. सं. | विक्रम सम्बत |
| स. स. यो. | सरसफाइ योजना |
| सि. सि. | कलेक्सन च्याम्बर |
| **VWASH** | **Village Water, Sanitation and Hyigene** |
| **VWASHCC** | **Village Water, Sanitation and Hyigene Coordination Committee** |

# १. परिचय

## १.१ पृष्ठभूमि

नेपाल सरकारको सन् २०१७ सम्ममा सबैलाई खानेपानी र सरसफाइ सुविधा पुऱ्याउने लक्ष्य हासिल गर्ने दिशामा सहयोग गर्दै स्थानीय निकायहरुको क्षमता अभिवृद्धि गर्ने उद्देश्यले नेपाल सरकार र फिनल्याण्ड सरकारका बीच पश्चिमाञ्चल तथा मध्य पश्चिमाञ्चल विकास क्षेत्रका गरी चौध वटा जिल्लाहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम सञ्चालनको लागि द्विपक्षिय सम्झौता भए वमोजिम पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजना सन् २००८ देखि २०१३ अवधिको पहिलो चरण सफलतापूर्वक सम्पन्न गरी सन् २०१३ देखि २०१८ सम्मको अवधिको लागि दोस्रो चरण आरम्भ भएको छ ।

यस सन्दर्भमा समुदायले सहभागितात्मक रुपमा तर्जुमा गरेको योजनाले मात्र समुदायका वास्तविक आवश्यकताको पहिचान गर्न सक्दछ र खानेपानी, सरसफाइ तथा स्वच्छताको क्षेत्रमा गरिने बाह्य सहयोग वास्तविक आवश्यकता भएको वर्गमा पर्दछ जसले स्थानीय सरकारको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा र कार्यान्वयन गर्ने क्षमतालाई विकास गरी सन् २०१७ को नेपाल सरकारको लक्ष पुरा गर्न सहयोग गर्दछ भन्ने मान्यतालाई अंगीकार गरी परियोजनाको पहिलो चरणमा विभिन्न ५२ वटा गाविसको गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना र एउटा नगरपालिकाका वडाहरुको वडास्तरीय योजना तर्जुमामा सहयोग गरिएको थियो ।

यस परिप्रेक्ष्यमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजनामा तर्जुमा भएका क्रियाकलापहरु कार्यान्वयन गर्नको लागि परियोजनाले पहिलो चरणमा पर्याप्त आर्थिक तथा प्राविधिक सहयोग उपलव्ध गरायो जसको फलस्वरुपः खानेपानी, सरसफाइ र स्वच्छताको क्षेत्रमा उक्त गाविसहरुमा आमूल परिवर्तन भएको छ ।

परियोजनाको दोस्रो चरणको परियोजना दस्तावेजले वास्तविक रुपमा सेवाविहीन, जसले हालसम्म खानेपानी कार्यक्रमको लागि कुनै पनि बाह्य सहयोग प्राप्त गरेका छैनन् त्यस्ता क्षेत्रमा मात्र परियोजनाको सहयोग केन्द्रीत गर्ने निर्देश गरे वमोजिम परियोजनाको सहयोग विस्तारको लागि थप दुर्गम तथा सेवाविहीन गाविसहरु छनौट गरी सोहि वमोजिमको योजना तर्जुमा गरी सहयोग गर्ने भन्ने उल्लेख भएको छ । यसका साथै परियोजनाको पहिलो चरण सम्पन्न भएका गाविसहरुबाट क्रमशः परियोजनाको सहयोगको बहिर्गमन गर्दै जानको लागि समेत उक्त गाविसहरुको हालको खानेपानी, सरसफाइ तथा स्वच्छताको वस्तुस्थिति अद्यावधिक गर्नु आवश्यक देखिएको साथै परियोजनाको बहिर्गमन पश्चात समेत गाविसले सेवा पुग्न बांकी रहेका क्षेत्रमा अतिरिक्त स्रोतको खोजी गरी वा आफ्नै स्रोत परिचालन गर्न समेत अद्यावधिक खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको आवश्यकता पर्ने भएकोले समेत पहिलो चरणमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तर्जुमा भएका सबै गाविसहरुमा खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक गर्नु वाञ्छनीय देखिएकोले खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यमा सहजीकरण गर्ने जिल्ला विकास समिति, जिल्ला प्राविधिक कार्यालय जस अन्तर्गतको जिल्ला खानेपानी, सरसफाइ तथा स्वच्छता इकाइ र गाउं विकास समिति समेतलाई उक्त कार्यको लागि सहयोगी दस्तावेजको रुपमा तयार गरिएको गाउं विकास समिति स्तरीय खानेपानी, सरसफाइ तथा

स्वच्छता योजना अद्यावधिक गर्ने निर्देशिका(VWASH Plan Updating Guidelines) वमोजिम यो प्रतिवेदन तयार गरिएको छ ।

## १.२ उद्देश्य

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको समग्र उद्देश्य गाउं विकास समितिलाई स्थानीय स्वायत्त शासन नियमावली, २०५६ को दफा (६५) ले प्रत्येक स्थानीय निकायलाई आफ्नो सिमाक्षेत्र भित्र सञ्चालन हुने विकास निर्माण कार्य जनमुखी, सहभागितात्मक, प्रभावकारी, सुव्यबस्थित र दीगो प्रतिफल दिने गरी सञ्चालन गर्न आवधिक गाउं विकास योजना तयार गरी सोही योजना अन्तरगतका आयोजनाहरुलाई प्राथमिकताको आधारमा सञ्चालन गर्न निर्देशित गरे वमोजिम अद्यावधिक गाविस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना तयार गरिएको छ ।

यसका अतिरिक्त यस कार्यका खास उद्देश्यहरु निम्न वमोजिम रहेका छन्:

- गाउं विकास समितिको खानेपानी, सरसफाइ तथा स्वच्छताको वर्तमान अवस्थाको विश्लेषण गरी सबैका लागि खानेपानी र सरसफाइ सुबिधा उपलव्ध गराउन अब आवश्यक पर्ने स्रोतको पहिचान गर्नु,
- गाविस क्षेत्रभित्र सेवाविहीन, सेवा प्राप्त र सुविधा स्तरोन्नती गर्नुपर्ने समुदायको पहिचान गरी प्राथमिकिकरण गर्ने र सोहि वमोजिम स्रोतको विनियोजन गर्ने,
- गाविसको पूर्ण सरसफाइको रणनैतिक योजना तर्जुमा गर्ने र सोहि वमोजिम कार्यक्रमहरु तय गर्ने,
- जलवायु परिवर्तनबाट खानेपानी, सरसफाइ तथा स्वच्छता क्षेत्रमा पर्न गएका तथा भविष्यमा पर्न सक्ने असरहरुको वारेमा अध्ययन गरी विपद् जोखिम न्यूनीकरण र जलवायु परिवर्तन अनुकुलनका क्रियाकलापहरु पहिचान तथा तर्जुमा गर्नु,
- पश्चिम नेपाल ग्रामीण खानेपानी तथा सरसफाइ परियोजनाको दोस्रो चरणको अवधारणा वमोजिम उक्त गाविसमा परियोजनाको सहयोगको स्तर निर्धारण गरी सोहि वमोजिम कार्ययोजना तयार गर्ने कार्यमा सहयोग गर्नु रहेको छ ।

## १.३ विधि

गाउंस्तरीय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अद्यावधिक कार्यको लागि निम्न वमोजिमको क्रियाकलाप गरिएको थियो ।

| क्र.सं. | क्रियाकलापको नाम | समयाबधी | कैफियत |
|---|---|---|---|
| १ | सहजकर्ताको तालिम तथा विद्यमान खानेपानी, सरसफाइ तथा स्वच्छता योजनाको डेस्क अध्ययन कार्य | ७ दिन | जिल्लास्तरमा |
| २ | गाविसस्तरीय अद्यावधिक कार्यशाला | १ दिन | गाविसस्तरमा |
| ३ | वडास्तरीय कार्यको लागि तयारी | ३ दिन | गाविसस्तरमा |
| ४ | वडास्तरीय तथ्यांक अद्यावधिक कार्यशाला | ९ दिन | वडास्तरमा |

| | | | |
|---|---|---|---|
| ५ | तथ्यांकको प्रारम्भिक विष्लेशण तथा योजना तर्जुमा पूर्व तयारी | ८ दिन | गाविसस्तरमा |
| ६ | गाविसस्तरीय योजना तर्जुमा कार्यशाला | २ दिन | गाविसस्तरमा |

उपरोक्त क्रियाकलापहरुमध्ये सहजकर्ताको तालिम व्यवस्थापन र प्रतिवेदन लेखन कार्यको संयोजन जिल्ला विकास समितिले गरेको छ भने बांकी क्रियाकलापहरु सहजकर्ताको सहयोगमा गाउं विकास समिति/VWASHCC र वडा नागरिक मञ्चले आयोजना गरेका थिए ।

समग्र अद्यावधिक कार्यको अगुवाई गाविसले गरेको थियो जसको लागि गाविसलाई आवश्यक सहयोग गर्न जिल्ला विकास समितिले एकजना सामाजिक र एकजना प्राविधिक कर्मचारी उपलब्ध गराएको थियो ।

### १.४ सिमितता

यस खानेपानी, सरसफाइ तथा स्वच्छता योजना, जिल्लाको यस क्षेत्रको विकासको निम्ति पूर्णरुपमा सहयोगी रहेपनि यसका आफ्ना केही सीमिततताहरु रहनेछन्ः

- अपर्झट आउनसक्ने तत्कालिन आवश्यकताहरुको प्राथमिकिकरण
- पर्याप्त बजेट विनियोजनमा न्यूनता
- प्राथमिक तहको तथ्याङ्कको सहज उपलब्धता
- राजनैतिक स्थिरता एवं स्थानीय सरकार तथा सुशासन
- पर्याप्त प्राविधिक तथा प्रशासनिक कर्मचारीको खटनपटन
- दातृ राष्ट्र तथा संघ, संस्थाहरुको सहयोगको सुनिश्चितता  एवं निरन्तरता
- राजनीतिज्ञ तथा योजनाकारहरुको दूरदृष्टि

## २. गाउं विकास समितिको संक्षिप्त जानकारी

### २.१ अवस्थिति, सिमाना तथा प्रशासनिक विभाजन

बागलुङ जिल्लाको दक्षिण भेगमा रहेको दमेक गाउं विकास समितिको पूर्वमा कुस्मिसेरा गाउं विकास समिति,  पश्चिममा दुधिलाभाटी गाविस, उत्तरमा रेस र रायडाडा गाविस र दक्षिणमा पैयुं थन्थाप गाविस पर्दछन्  । राजनैतिक विभाजनका हिसाबले यो गाउं विकास समिति जिल्लाको निर्वाचन क्षेत्र नं. २ को इलाका नं. ७ मा पर्दछ । ८० वटा बस्तिहरुमा विभाजित यस गाउं विकास समितिको प्रशासनिक कार्य वडा नं. ४ मा रहेको गाउं विकास समितिको कार्यालयबाट हुने गरेको छ ।

# बागलुङ्ग जिल्ला




## २.२ जनसंख्या, घरधुरी र जातजाती

दमेक गा.वि.स.को जातजातिको वसोवासको अवस्थालाई हेर्दा अन्य जातिको बाहुल्यता रहेको पाईन्छ। वडा भेला, घरधुरी सर्वेक्षण अध्ययनबाट आएको तथ्याङ्क अनुसार हाल यस गाविसमा कुल १,२७८ घरधुरी रहेका छन। यस गाविसको कूल जनसंख्या (प्रक्षेपित) ५,७४४ मध्ये महिलाको जनसंख्या ३,२९६ अर्थात ५७.३८% र पुरुषको २,४४८ अर्थात ४२.६२% रहेको छ। अन्य समुदायको वाहुल्यता रहेको यस गाविसमा अन्यको ४५.७७% , आदिवासी जनजातीको ३०.८३% र दलितको २३.४०% घरधुरी रहेको छ। विस्तृत विवरण अनुसूची-१ तथा २ मा दिइएको छ।

यस गाविसमा १ वटा उ. मा. वि.,२ वटा मा.वि, १ वटा नि.मा.वि , ११ वटा प्राथमिक विद्यालय र १ वटा संस्कृत पाठशाला रहेका छन् भने ३ वटा सेवामूलक कार्यालयहरु उप स्वास्थ्य चौकी १, अतिरिक्त हुलाक सेवा कार्यालय १ र गाविसको कार्यालय १ रहेका छन् । यस्का अतिरिक्त नौ वटा बाल विकास संस्था र ३ वटा सामुदायिक भवनहरु रहेका छन् ।

यस गा.वि.स.मा वि.सं. २०६७ को खानेपानी, सरसफाइ तथा स्वच्छता कार्यक्रम शुरु हुंदाको समयमा दक्ष जनशक्तिको अवस्था हेर्दा सामाजिक परिचालक/उत्प्रेरक १५ जना, मिस्त्री २७ जना, स्वास्थ्य कर्मी ९ जना, शिक्षक ८६ जना, सव–ओभरसियर ७ जना र जे.टि.ए. २ जना गरी कूल १४६ जना रहेको देखिन्छ ।

# ३. खानेपानीको अवस्था

## ३.१ गाविसको खानेपानीको तुलनात्मक अवस्था

यस गाविसका जम्मा १,२७८ घरधुरी मध्ये खानेपानी सेवा प्राप्त घरधुरी १,०६२ अर्थात ८३.१०%, पूर्ण रुपले सेवा प्राप्त घरधुरी ६४२ अर्थात ५०.२३%, सुविधा स्तरोन्नति गर्नु पर्ने घरधुरी ४२० अर्थात ३२.८६% र सेवावाट बञ्चित घरधुरी २१६ अर्थात १६.९०% रहेको छ । जस मध्ये पाईप धाराबाट पानी खाने ९३.७४%, मूल पंधेराको खानेपानी प्रयोग गर्ने २.३५% र खोला खोल्सीको खानेपानी प्रयोग गर्ने ३.९१% रहेको छ । यसको विवरण अनुसूची-३ मा दिइएको छ ।

## ३.२ खानेपानीको विद्यमान अवस्था

सुबिधास्तर वर्गिकरण गर्दा ८० वटा टोल मध्ये ५ वटा (६.२५%) टोल को अवस्था राम्रो, ३४ वटा ( ४२.५०%) टोलको अवस्था औसत, ११ वटा टोलको अवस्था नराम्रो र बांकी ३० वटा (३७.५०%) टोलको अवस्था धेरै नराम्रो रहेको छ । यी टोलहरुलाई प्राथमिकतामा राखी कार्यक्रम बनाउनु पर्ने देखिन्छ । विस्तृत विवरण अनुसूची-४ मा देखाइएको छ ।

आ.व. २०७०/०७१ सम्म सम्पन्न भएका ९ योजनाहरु र प्रयोगमा रहेका श्रोतहरु एवम् उक्त योजनाहरुको हालको अवस्था अनुसूची-५ को तालिकामा देखाइएको छ । जस मध्ये २ वटा योजनाको भौतिक अवस्था राम्रो, ६ वटाको सन्तोषजनक र १ वटाको नराम्रो देखिन्छ ।, कालापाताल खा.पा.यो.मा ईण्टेक थप गर्नु पर्ने, विराउने खा.पा.यो मा इण्टेक मर्मत गर्नु पर्ने, रितिप, गौडेरी र गाजादह खा.पा.यो मा पाईप लाईन सूधार गर्नु पर्ने र नेपाने छहरे छेलो फाल्ने खा.पा.यो मा गुणस्तर र पानीको मात्रा थप गनु पर्ने देखिन्छ । हाल यस गाविसमा खा.पा.यो. निर्माणाधिन अवस्थामा रहेको छैन ।

# ४. स्वास्थ्य र सरसफाइको तुलनात्मक अवस्था

गाउं स्तरिय खानेपानी, सरसफाइ तथा स्वच्छता योजना अध्यावधिक गर्ने सिलसिलामा स्थानीय स्वास्थ्य चौकी संग लिईएको तथ्यांक अनुसार ५ वर्ष भन्दा मुनीका बच्चाहरुको पोषणको अवस्था सामान्य रहेको देखिन्छ । झाडापखाला सम्बन्धी उपचार गरिएका ५ वर्ष मुनिका बच्चाहरुको कूल संख्या २०६

मध्ये ५९ जनाको उप स्वास्थ्य चौकीबाट उपचार गरिएको, ग्रा. स्वा.का. बाट उपचार गरिएका १४७ जना देखिन्छ । कुपोषण र भिटामिन ए को कमी पाईएको छैन ।

सरसफाइको सूचक भनेर चर्पीलाई लिने गरिन्छ । यस गाविस को कूल १,२७८ घरधुरी मध्ये १,१४६ अर्थात ८९.६७% घरमा पक्की चर्पी रहेको छ त्यस्तै ४६ अर्थात ३.६०% घरमा कच्ची चर्पी रहेको छ भने बांकी ८६ घरधुरी अर्थात ६.७३% घरमा चर्पी छैन । वडाको स्थिति हेर्दा ३ र ७ नं. वडाका सबै घरमा चर्पी रहेकोछ । वडा नं ९ प्रतिशतको हिसाबले सबैभन्दा धेरै ७९.४९% चर्पी नभएको वडामा पर्न गएको छ । वडा र टोल अनुसार पुरै गाविसको चर्पीको हालको अवस्था अनुसूची-६ मा देखाईएको छ ।

१६ वटा सरकारी विद्यालयहरु, ३ वटा सेवामूलक कार्यालयहरु, नौवटा बाल विकास संस्था र ३ वटा सामुदायिक भवनहरु रहेको यस गाविसमा पक्की शौचालय २५ वटामा मात्र छ । चर्पी भएका मध्येमा २३ वटा प्रयोगमा रहेको, १६ वटामा पानीको सुबिधा भएको र १८ वटा लैंगिक मैत्री भएको देखिन्छ । विस्तृत विवरण अनुसूची-७ मा देखाईएको छ ।

पूर्ण सरसफाइको अवस्था नियाल्दा जम्मा १,२७८ घरधुरी मध्ये १,१९२ घरधुरीमा चर्पी भएकोमा १,२५२ घरपरिवारले चर्पीको नियमित प्रयोग गर्ने गरेको तथ्यांकले देखाउंछ । महत्वपूर्ण अवस्थामा साबुन पानीले हात धुने ९७.५०%, घरायसी तहमा पिउनेपानी शुद्धिकरण गरी पिउने ५.३२%, ब्यक्तिगत सरसफाइ कायम गर्ने ९२.६४%, घर भित्र बाहिरका ठोस फोहोर मैला खाडलमा फाल्ने ८.८४%, खेर गएको पानीको उचित ब्यवस्थापन गर्ने ७.९८%, भाडा सुकाउने चांग भएको २८.३३%, र धुंवा रहित चुल्हो भएको (गोबर ग्यास,अन्य) ३१.८५% घरधुरी रहेका छन् । यो तथ्यांकले ब्यक्तिगत सरसफाइको कमी एवम् वातावरणिय सरसफाइको नाजुक अवस्था देखाएको हुंदा विशेष सचेतना कार्यक्रम लागु गर्नु पर्ने देखिन्छ । विस्तृत विवरण अनुसूची-८ मा देखाईएको छ ।

# ५. गाविसको खानेपानी, सरसफाइ तथा स्वच्छता योजना कार्यान्वयन तथा संशोधित कार्य योजना

वडास्तरमा तर्जुमा गरी प्राथमिकता क्रम तोकिएका योजनाहरु १४ मध्ये सबै नयां योजनाहरु र ग्राभिटि प्रणालीका रहेका छन् । विस्तृत विवरण अनुसूची-९ मा देखाईएको छ ।

प्रस्तावित योजनाहरुको प्रक्षेपित जनसंख्या र प्रति ब्यक्ति लागतको आधारमा अनुमानित लागत तयार गर्दा यस गाविसको लागि खानेपानीको सेवा पु-याउन मात्र रु ४०,२६७,००० खर्च लाग्ने देखिन्छ । त्यस्तै चर्पी नभएका ८६ घरधुरीमा पक्की चर्पी निर्माणको लागि प्रति चर्पी रु २१,००० का दरले रु १,८०६,००० खर्च लाग्ने देखिन्छ । दुवै कार्यको लागि मात्र ने. रु. ४२,०७३,००० को लागत अनुमान तयार गरिएकोछ । विस्तृत विवरण अनुसूची-१० मा प्रस्तुत गरिएको छ ।

# ६. पूर्ण सरसफाइ युक्त गाविस र वडाहरुको कार्ययोजना

सन् २०१६ सम्ममा यस दमेक गाविसलाई पूर्ण सरसफाइयुक्त गाविस घोषणा गर्ने निर्णय भएको छ । जस अनुसार वडाहरुको कार्ययोजना यस प्रकार रहेको छः

- वडा नं. १ः २०७२ माघ मसान्त सम्ममा ६ वटा सूचकहरुलाई आधारमानि पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने निर्णय भएको ।

- वडा नं. २: २०७२ अशोज मसान्त सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने निर्णय भएको ।
- वडा नं. ३: २०७२ वैशाख मसान्त सम्ममा ६ वटा सूचकहरुलाई आधारमानि पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने निर्णय भएको ।
- वडा नं. ४: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना बनेको र निर्णय भएको ।
- वडा नं. ५: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ कार्तिक महिना सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना सहित निर्णय भएको ।
- वडा नं. ६: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ मंसिर महिना सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना सहित निर्णय भएको ।
- वडा नं. ७: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ मंसिर महिना सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना सहित निर्णय भएको ।
- वडा नं. ८: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ कार्तिक महिना सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना सहित निर्णय भएको ।
- वडा नं. ९: ६ वटा सूचकहरुलाई आधारमानि २०७२ मंसिर महिना सम्ममा पूर्ण सरसफाइ युक्त वडा घोषणा गर्ने कार्य योजना सहित निर्णय भएको ।

प्रस्तावित खानेपानी योजनाहरु र बांकी चर्पी निर्माण गर्नको लागि सम्भावित श्रोतहरु :

- उपभोक्ता स्वयं, स्थानीय समुदाय तथा संघ संस्थाहरु
- गाविस
- जि.वि.स.
- खानेपानी तथा सरसफाइ डिभिजन कार्यालय
- अन्तराष्ट्रिय गैर सरकारी संस्थाहरु
- **दातृ राष्ट्र तथा निकायहरु**

गाविस स्तरीय अन्य योजनाहरु प्रस्तावित गरिएको छैन ।

# ७. जलवायु परिवर्तन अनुकुलन तथा विपद् जोखिम न्यूनिकरण

यस गाविसमा विपद जोखिम न्यूनिकरणको लागि निम्न कृयाकलाप संचालन गर्नु पर्ने देखिएको छः

१. मुहान सुक्ने: – प्रत्येक वडामा रहेका पुराना पोखरीहरुको संरक्षण गर्ने ।

- पुनःभरण पोखरी नभएका वडामा आवश्यकता अनुसार पोखरी निर्माण गर्ने ।
- खानेपानीका मुहान वरिपरी अम्रिसो लगायत अन्य जातका विरुवाहरु रोप्ने ।

२. बाढी पहिरो रोकथाम: – वृक्षारोपण गर्ने, वन विनास हुन नदिने, भल तर्काउने ।

३. हिउं:                    –हिउं प्रतिरोधक स्थानीय स्तरका बोट बिरुवा र बालीनाली लगाउने ।

४. चट्याङ:                    –चट्याङ बाट बच्ने तरिकाहरुको बारेमा सचेतना विकास गराउने ।

५. तुवांलो:                    – प्रदुषण कम गर्न, धुवां रहित चुल्हो तथा गोबर ग्यासको अधिकतम प्रयोग गर्ने

**७.१ बाग्लुङ्ग जिल्लाको बर्षात तथा तापक्रम**

वर्षा र तापक्रमको तथ्यांक जल तथा मौषम बिज्ञान बिभाग अन्तर्गतका मौषम मापन केन्द्रबाट लिएको हो । यो तथ्यांक उक्त विभागको वेबसाइटको जलबायु पोर्टलमा उपलब्ध छ । बाग्लुङ्ग जिल्लाको हकमा बर्षातको लागि बाग्लुङ्ग र राङ्गखानी गरि दुइवटा केन्द्रको तथ्यांक उपलब्ध रहेके छ भने तापक्रमको तथ्यांक बाग्लुङ्ग केन्द्रको मात्र उपलब्ध रहेको छ ।

**क) वर्षा**

चित्र १ मा सन १९७९ देखि २००९ सम्मको वार्षिक औषत वर्षात देखाइएको छ । तल्लो रेखाले बाग्लुङ्ग केन्द्रको बर्षाको अवलोकन तथ्यांकलाइ जनाउछ भने माथिल्लो केन्द्रले राङ्गखानी केन्द्रको अवलोकन तथ्यांकलाइ जनाउाछ । बाग्लुङ्ग केन्द्रको बर्षात अवलोकनको तथ्यांक १९७९ देखि २००९ सम्मको रहेको छ भने राङ्गखानी केन्द्रको १९८९ देखि २००९ सम्मको अवधिको रहेको छ । बाग्लुङ्ग केन्द्रको बार्षिक औसत वर्षा १८०० मिलिमिटर रहेको छ भने राङ्गखानी केन्द्रको औसत वर्षा तुलनात्मक रुपमा अत्याधिक रहेको छ, जुन २९०० मिलिमिटर (सन् २००९ मा) देखिएको छ । दुवै केन्द्रमा वार्षिक वर्षातको परिमाण घट्दै गएको देखिन्छ । विगत तीस बर्षमा बाग्लुङ्ग केन्द्रमा बार्षिक ३०० मिलिमिटरका दरले औसत वार्षिक वर्षातको परिमाण घट्दै गएको (२१०० मिलिमिटर देखि १८०० मिलिमिटर) छ भने, राङ्गखानी केन्द्रमा अवलोकन गरिएको औसत वार्षिक वर्षात को परिमाण विगत बीस बर्षमा ६०० मिलिमिटरले घटेको देखिन्छ (३५०० बाट २९०० मिलिमिटर) । घट्दो बार्षिक औसत वर्षात को प्रवृत्ति र हिउदको समयमा ह्रास हुदै गएको बर्षातको कारणले कालान्तरमा पानीका श्रोतहरुमा ह्रास हुनु तथा पानीको प्रवाह घट्दै जाने र सुख्खा हुदै जाने समस्या देखिन सक्छ ।




*१९७९ देखि २००९ सम्मको बार्षिक औसत वर्षा*

ख) मासिक औसत बर्षात (१९९४ देखि २००९)

ग्राफ २ मा सन् १९९४ देखि २००९, १५ बर्षको मासिक बर्षातको फरक प्रस्तुत गरिएको छ । बाग्लुङ्ग जिल्लाको हकमा बाग्लुङ्ग र राङ्गखानी गरि दुईवटा केन्द्रको औसतलाइ तलको ग्राफमा प्रस्तुत गरिएको छ । उच्च वर्षात गर्मी यामको मनसुनको समय, बैशाख महिना देखि भाद्र महिना

सम्म देखिन्छ मनसुनको बेलाको मासिक  सबभन्दा बढी वर्षातको औसत ६०० – १००० मिलिमिटर देखिन्छ ।  २००२ को एक महिनामा नै भएको १५०० मिलिमिटर वर्षा नै १५ वर्षको अवधिमा अवलोकन गरिएको अधिकतम वर्षा हो । २००५ को बर्षातको महिनामा पनि ५०० मिलिमिटर बर्षा अवलोकन गरिएको मध्ये न्यूनतम परिमाण हो । २००९, २००८, २००१ र १९९९ मा पनि हिउँदका महिनामा नगण्य मात्र वर्षा भएको देखिन्छ  भने २००७ मा सधैंभन्दा बढी मात्रामा बर्षा भएको देखिन्छ ।




• Average Observed Rainfall From 1994 To 2009 for RANGKHANI, BAGLUNG {y=-3.623 x year + 7478.0, r= -0.05828, p= 0.4232, S.E.= 0.4232}

*१९९४ देखि २००९ सम्मको मासिक वर्षातको औसत*

ख) अधिकतम तापक्रम

ग्राफ ३ मा ९८४ मिटर उचाइमा रहेको बाग्लुङ्ग केन्द्रको १९७९ देखि २००९ सम्मको अवधिको बार्षिक अधिकतम तापक्रमको औसत तथ्याक्त प्रस्तुत गरिएको छ । उक्त मापन अवधिभर औसत अधिकतम तापक्रम २५ देखि ३३ डिग्री सेल्सियससम्म रहेको देखिन्छ भने औसत तापक्रम २८ डिग्री सेल्सियस रहेको देखिन्छ । समग्र तीस वर्षको अधिकतम तापक्रमको औसत १ डिग्री सेल्सियसको हाराहारीका दरले बढ्दै गएको देखिन्छ । जल तथा मौसम विज्ञान विभागको वेबसाइटमा न्यूनतम तापक्रमको ग्राफ पनि उपलब्ध छ




• Average Observed Temp-Max From 1979 To 2009 Months January February March April May June July August September October November December for BAGLUNG {y=0.02008 x year -11.96, r= 0.134, p= 0.4802, S.E.= 0.4802}

# अनुसूचीहरु

## अनुसूची-१: प्रत्येक वडाको जनसंख्याको विवरण

दमेक गाविसको जनसंख्या (सन् २०११ को जनगणना अनुसार)

| वडा नं | घरधुरी | जनसंख्या | | | घरधुरी (सर्भेक्षण अनुसार) | जनसंख्या (सन् २०१५ को प्रक्षेपित) | | |
|---|---|---|---|---|---|---|---|---|
| | | जम्मा | पुरूष | महिला | | जम्मा | पुरूष | महिला |
| १ | १४४ | ६४९ | २७५ | ३७४ | १३५ | ६४९ | २७५ | ३७४ |
| २ | १०८ | ४६९ | २२२ | २४७ | ११८ | ४६९ | २२२ | २४७ |
| ३ | ८२ | ३९८ | १७० | २२८ | ७८ | ३९८ | १७० | २२८ |
| ४ | १२९ | ६३५ | २८७ | ३४८ | १४६ | ६३५ | २८७ | ३४८ |
| ५ | १४९ | ७२७ | ३०८ | ४१९ | १४८ | ७२७ | ३०८ | ४१९ |
| ६ | ११२ | ५४९ | २३१ | ३१८ | १२४ | ५४९ | २३१ | ३१८ |
| ७ | १०९ | ५१५ | २१२ | ३०३ | ११९ | ५१५ | २१२ | ३०३ |
| ८ | २१२ | १०३३ | ४३२ | ६०१ | २११ | १०३३ | ४३२ | ६०१ |
| ९ | १६१ | ७७१ | ३१२ | ४५९ | १९९ | ७७१ | ३१२ | ४५९ |
| जम्मा | १२०६ | ५७४६ | २४४९ | ३२९७ | १२७८ | ५७४४ | २४४८ | ३२९६ |
| | | **प्रतिशतमा** | **४२.६२** | **५७.३८** | | | **४२.६२** | **५७.३८** |
| | **औसत प्रति घरधुरी जनसंख्या** | | | **४.७६** | | | **४.४९** | |

जनसंख्या बृद्धि दर (-) ०.०१

श्रोत : ग्रामिण खानेपानी

## अनुसूची-२: घरधुरी तथा जातीय समुदाय सम्बन्धी अद्यावधिक तथ्यांक

| क्र. स. | टोलको नाम | दलित | आदिवासी जनजाती | अन्य | जम्मा |
|---|---|---|---|---|---|
| **वडा नं १** | | | | | |
| १ | रितिप | १ | | २९ | ३० |
| २ | बिराउने | ६ | १ | ३८ | ४५ |
| ३ | बड्डाँडा | १ | | १७ | १८ |
| ४ | काउले | १ | | १७ | १८ |
| ५ | डहरे | २१ | | ३ | २४ |
| | **जम्मा** | **३०** | **१** | **१०४** | **१३५** |
| **वडा नं २** | | | | | |
| १ | जाडी | १ | ९ | ८ | १८ |
| २ | जुदी | | | ४ | ४ |
| ३ | ज्यामिरे | २ | | ४ | ६ |
| ४ | डाँडा पुछार | | | ३ | ३ |
| ५ | चैराग | ३ | | २० | २३ |
| ६ | खाल्टा | २ | | ७ | ९ |

| | | | | | |
|---|---|---|---|---|---|
| ७ | पाल्खर्क | | | २ | २ |
| ८ | चौडिला | १ | | ६ | ७ |
| ९ | चिरपानी | | | १० | १० |
| १० | रात्माटा | | | ८ | ८ |
| ११ | टापु | | | ४ | ४ |
| १२ | गौंडा | | | १४ | १४ |
| १३ | धोद्रे | | | १० | १० |
| | **जम्मा** | **९** | **९** | **१००** | **११८** |
| **वडा नं ३** | | | | | |
| १ | दरौंदी | ५ | | ३५ | ४० |
| २ | आरूपाटा | | | १८ | १८ |
| ३ | किटेनी | ५ | | ४ | ९ |
| ४ | बसेरी | | १ | १० | ११ |
| | **जम्मा** | **१०** | **१** | **६७** | **७८** |
| **वडा नं ४** | | | | | |
| १ | देउराली | १० | | | १० |
| २ | चिहानडाँडा | ८ | | ५ | १३ |
| ३ | लाकुरी पुन थोक | १८ | | | १८ |
| ४ | कुर्दी पुनथोक | १७ | | १ | १८ |
| ५ | सिमट | | २ | १३ | १५ |
| ६ | जनडाँडा | ३ | | १५ | १८ |
| ७ | बोराडाँडा | १६ | | ४ | २० |
| ८ | हेल्थ पोष्ट टोल | ११ | १ | ३ | १५ |
| ९ | देउमाने | १० | | ९ | १९ |
| | **जम्मा** | **९३** | **३** | **५०** | **१४६** |
| **वडा नं ५** | | | | | |
| १ | काउले चौडाला | १ | | १८ | १९ |
| २ | सुन्तला चौर | | ४ | १ | ५ |
| ३ | खाल्ली पानीबारी | | | ११ | ११ |
| ४ | फापरखेत खाल्टा गोपाले | | | ३२ | ३२ |
| ५ | गौदेरी | | १ | ६ | ७ |
| ६ | मुलाबारी | १० | | | १० |
| ७ | पिपल्ला | २ | | १० | १२ |
| ८ | चौर मुनी | | | ९ | ९ |
| ९ | ठुलाघर | २ | | ४ | ६ |
| १० | जुढुङ्गा चौरी | १ | | ६ | ७ |
| ११ | फेदी | १६ | | १४ | ३० |
| | **जम्मा** | **३२** | **५** | **१११** | **१४८** |

| | | | | | |
|---|---|---|---|---|---|
| **वडा नं ६** | | | | | |
| १ | भलौदी | ३ | | २० | २३ |
| २ | भुषालबासे | २ | ७ | १८ | २७ |
| ३ | तल्लो बनहु | | २ | १३ | १५ |
| ४ | उपल्लो बनहु | | | १८ | १८ |
| ५ | गहते | ६ | २ | ४ | १२ |
| ६ | पखरी | | ६ | १४ | २० |
| ७ | चौरासे | ४ | ५ | | ९ |
| | **जम्मा** | **१५** | **२२** | **८७** | **१२४** |
| **वडा नं ७** | | | | | |
| १ | कालापाताल | १ | १६ | | १७ |
| २ | गौंडाखर्क | २ | १४ | १ | १७ |
| ३ | खहरे | | २७ | | २७ |
| ४ | जुरेढुङ्गा | ८ | १६ | | २४ |
| ५ | गाउँटोल | ३ | १६ | | १९ |
| ६ | नुन्थला | १ | १४ | | १५ |
| | **जम्मा** | **१५** | **१०३** | **१** | **११९** |
| **वडा नं ८** | | | | | |
| १ | झप्रेनी टोल | | ३ | | ३ |
| २ | बाघखोर | १ | १० | | ११ |
| ३ | थामटोल | १ | ३ | २ | ६ |
| ४ | ठूलडाँडा टोल | २ | ६ | ११ | १९ |
| ५ | पहिरे टोल | १ | २ | १ | ४ |
| ६ | छेलो फाल्ने | | १० | १ | ११ |
| ७ | रानीबासे | १५ | ११ | ३ | २९ |
| ८ | चापाखर्क टोल | ५ | | १४ | १९ |
| ९ | बुढा खोरिया टोल | | | ५ | ५ |
| १० | दबदबे टोल | | २ | ६ | ८ |
| ११ | गोलखारा टोल | १ | ६ | | ७ |
| १२ | भाडडाँडा टोल | १३ | १० | | २३ |
| १३ | ठूलचौर दुर्लेनी | ९ | १४ | | २३ |
| १४ | भालुपानी टोल | १६ | | | १६ |
| १५ | भट्टेखर्क टोल | | ७ | | ७ |
| १६ | नेपाने टोल बुढीखर्क | १ | १९ | | २० |
| | **जम्मा** | **६५** | **१०३** | **४३** | **२११** |
| **वडा नं ९** | | | | | |
| १ | उर्लिना टोल | ४ | ३४ | | ३८ |

| | | | | | |
|---|---|---|---|---|---|
| २ | पुतली खोरिया | १५ | १३ | | २८ |
| ३ | चापाखर्क | | १८ | | १८ |
| ४ | तल्लो गाउँ | | ११ | | ११ |
| ५ | पिडल्ना | १ | ७ | | ८ |
| ६ | माझ गाउँ टोल | १० | १० | | २० |
| ७ | किर्चो डाडा टोल | | १४ | | १४ |
| ८ | खाल्टी टोल नौला | | १३ | ११ | २४ |
| ९ | मन्डली थान टोल | | २७ | ११ | ३८ |
| | **जम्मा** | **३०** | **१४७** | **२२** | **१९९** |
| | **कूल जम्मा** | **२९९** | **३९४** | **५८५** | **१२७८** |
| | **प्रतिशत** | **२३.४०** | **३०.८३** | **४५.७७** | **१००.००** |
| | **टोलको संख्या ८०** | | | | |

## अनुसूची-३: खानेपानीको विद्यमान अवस्था

| खानेपानीको अवस्था | | | | | | खानेपानीको उपयोग सम्बन्धी तथ्यांक | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| क्र. स. | टोलको नाम | खानेपानी सुविधा प्राप्त | सुविधा स्तरोन्नति गर्नु पर्ने | सुविधा नपुगेका | जम्मा घर संख्या | पाइप, धारा | नसुधारिएको कुवा | खोला खोल्सी बाट | मूल पँधेरा | जम्मा |
| **वडा नं १** | | | | | | | | | | |
| १ | रितिप | ३० | ३० | | ३० | ३० | | | | ३० |
| २ | बिराउने | ४२ | ४२ | ३ | ४५ | ४५ | | | | ४५ |
| ३ | बड्डाँडा | १८ | | | १८ | १८ | | | | १८ |
| ४ | काउले | १८ | | | १८ | १८ | | | | १८ |
| ५ | डहरे | ३ | ३ | २१ | २४ | २४ | | | | २४ |
| | **जम्मा** | **१११** | **७५** | **२४** | **१३५** | १३५ | ० | | | **१३५** |
| **वडा नं २** | | | | | | | | | | |
| १ | जाडी | | | १८ | १८ | १८ | | | | १८ |
| २ | जुदी | ४ | ४ | | ४ | २ | | २ | | ४ |
| ३ | ज्यामिरे | | | ६ | ६ | ४ | | २ | | ६ |
| ४ | डाँडा पुछार | | | ३ | ३ | ३ | | | | ३ |
| ५ | चैराग | २३ | २३ | | २३ | २३ | | | | २३ |
| ६ | खाल्टा | ९ | ९ | | ९ | ९ | | | | ९ |
| ७ | पाल्खर्क | २ | २ | | २ | २ | | | | २ |
| ८ | चौडिला | ७ | | | ७ | ७ | | | | ७ |
| ९ | चिरपानी | १० | | | १० | | | १० | | १० |
| १० | रात्माटा | ८ | | | ८ | | | ८ | | ८ |
| ११ | टापु | ४ | | | ४ | | | ४ | | ४ |
| १२ | गौंडा | १४ | | | १४ | | | १४ | | १४ |
| १३ | धोद्रे | १० | | | १० | | | १० | | १० |
| | **जम्मा** | **९१** | **३८** | **२७** | **११८** | ६८ | ० | ५० | | **११८** |

| | | | | | | | | | | |
|---|---|---|---|---|---|---|---|---|---|---|
| **वडा नं ३** | | | | | | | | | | |
| १ | दरौंदी | ४० | ४० | | ४० | ४० | | | | ४० |
| २ | आरूपाटा | १८ | १८ | | १८ | १८ | | | | १८ |
| ३ | किटेनी | ९ | ९ | | ९ | ९ | | | | ९ |
| ४ | बसेरी | ११ | ११ | | ११ | ११ | | | | ११ |
| | **जम्मा** | **७८** | **७८** | | **७८** | ७८ | ० | | | **७८** |
| **वडा नं ४** | | | | | | | | | | |
| १ | देउराली | | | १० | १० | १० | | | | १० |
| २ | चिहानडाँडा | | | १३ | १३ | १३ | | | | १३ |
| ३ | लाकुरी पुन थोक | | | १८ | १८ | १८ | | | | १८ |
| ४ | कुर्दी पुनथोक | | | १८ | १८ | १८ | | | | १८ |
| ५ | सिमट | | | १५ | १५ | १५ | | | | १५ |
| ६ | जनडाँडा | | | १८ | १८ | १८ | | | | १८ |
| ७ | बोराडाँडा | | | २० | २० | २० | | | | २० |
| ८ | हेल्थ पोष्ट टोल | | | १५ | १५ | १५ | | | | १५ |
| ९ | देउमाने | | | १९ | १९ | १९ | | | | १९ |
| | **जम्मा** | **०** | **०** | **१४६** | **१४६** | १४६ | ० | | | **१४६** |
| **वडा नं ५** | | | | | | | | | | |
| १ | काउले चौडाला | १९ | | | १९ | १६ | | | ३ | १९ |
| २ | सुन्तला चौर | | | ५ | ५ | ५ | | | | ५ |
| ३ | खाल्ली पानीबारी | | | ११ | ११ | ११ | | | | ११ |
| ४ | फापरखेत खाल्टा गोपाले | ३२ | | | ३२ | २० | | | १२ | ३२ |
| ५ | गौदेरी | ७ | | | ७ | ७ | | | | ७ |
| ६ | मुलाबारी | १० | | | १० | १० | | | | १० |
| ७ | पिपल्ला | १२ | | | १२ | १२ | | | | १२ |
| ८ | चौर मुनी | ९ | | | ९ | ९ | | | | ९ |
| ९ | ठुलाघर | ६ | | | ६ | ६ | | | | ६ |
| १० | जुढुङ्गा चौरी | ३ | | ३ | ६ | | | | ६ | ६ |
| ११ | फेदी | ३१ | | | ३१ | २२ | | | ९ | ३१ |
| | **जम्मा** | **१२९** | **०** | **१९** | **१४८** | ११८ | ० | | ३० | **१४८** |
| **वडा नं ६** | | | | | | | | | | |
| १ | भलौदी | २३ | | | २३ | २३ | | | | २३ |
| २ | भुषालबासे | २७ | | | २७ | २७ | | | | २७ |
| ३ | तल्लो बनहु | १५ | | | १५ | १५ | | | | १५ |
| ४ | उपल्लो बनहु | १८ | | | १८ | १८ | | | | १८ |
| ५ | गहते | १२ | | | १२ | १२ | | | | १२ |
| ६ | पखरी | २० | | | २० | २० | | | | २० |
| ७ | चौरासे | ९ | | | ९ | ९ | | | | ९ |
| | **जम्मा** | **१२४** | **०** | | **१२४** | १२४ | ० | | | **१२४** |
| **वडा नं ७** | | | | | | | | | | |
| १ | कालापाताल | १७ | | | १७ | १७ | | | | १७ |
| २ | गौंडाखर्क | १७ | ५ | | १७ | १७ | | | | १७ |
| ३ | खहरे | २७ | | | २७ | २७ | | | | २७ |

| | | | | | | | | | | |
